# अतिरिक्त वैज्ञानिक नियुक्ति तथा कार्यविवरण सम्बन्धी मापदण्ड, २०७८

GPAST

गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान

पोखरा

**प्रस्तावना**:

वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासका लागि सक्षम जनशक्तिलाई गण्डकी प्रदेश भित्र वैज्ञानिक अध्ययन, अध्यापन तथा अनुसन्धान कार्यमा संलग्न गराई प्रदेशको आर्थिक सामाजिक विकासमा संलग्न गराउने उद्देश्यले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानमा अतिरिक्त वैज्ञानिकका रुपमा नियुक्त गरी राष्ट्रिय अन्तराष्ट्रिय अध्ययन तथा अनुसन्धान संस्था र निजि क्षेत्र सँगको समन्वय र सहकार्य विस्तार गर्ने उद्देश्यले अतिरिक्त वैज्ञानिक नियुक्ति तथा कार्यविवरण सम्बन्धी मापदण्ड, २०७८ तयार गरि लागु गरेको छ।

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "अतिरिक्त वैज्ञानिक नियुक्ति तथा कार्यविवरण सम्बन्धी मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "अतिरिक्त वैज्ञानिक" भन्नाले प्रतिष्ठानले दफा ४ बमोजिम नियुक्त गरेको वैज्ञानिक सम्झनु पर्छ।

(ख) "प्रतिष्ठान" भन्नाले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

**३. संख्या निर्धारण** : प्रतिष्ठानले आवश्यक्ता बमोजिमको संख्यामा अतिरिक्त वैज्ञानिकको संख्या निर्धारण गर्न सक्नेछ।

**४. अतिरिक्त वैज्ञानिक नियुक्ती सम्बन्धी व्यवस्था :** (१) दफा ५ बमोजिमको योग्यता पुगेका व्यक्तिहरुले आवश्यक विवरण सहित प्रतिष्ठानमा अतिरिक्त वैज्ञानिकका लागि निवेदन पेश गर्न सक्नेछन।

(२) दरखास्त साथ निम्न लिखित कागजात अनिबार्य रुपले आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धांक पत्र, कार्यरत संस्थाको सिफारिस प्रतिलिपि।

(ग) संक्षिप्त अनुसन्धान योजना।

(घ) अध्ययन अनुसन्धान गर्न ईच्छाईएको विषय, क्षेत्र, स्थान।

(ङ) संलग्न अध्ययन अथवा अनुसंधान संस्थानको जानकारी पत्र।

(३) पेश भएका योग्यता सम्बन्धी कागजपत्र चित्तबुझ्दो देखिएमा कार्यकारी निर्देशकले मौखिक अन्तर्वार्तातथा प्रस्तुतिकरणका आधारमा लिई नियुक्ति सम्बन्धी निर्णय लिन सक्नेछ।

(४) नियुक्त अतिरिक्त वैज्ञानिकले समयावधी तोकी अनुसन्धान कार्ययोजना पेश गर्नुपर्नेछ सोही आधारमा अतिरिक्त वैज्ञानिक सँग निर्देशकले सम्झौता गर्न सक्नेछ।

५. **अतिरिक्त वैज्ञानिकको योग्यता तथा नियुक्ति सम्बन्धी व्यवस्था :** राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन संस्थानमा विद्यावारिधि गरी अनुसंधान कार्यमा संलग्न रहेको हुनुपर्दछ। पाँच वर्ष भन्दा बढी कार्यानुभव भएका वैज्ञानिकहरुलाई वरिष्ठ वैज्ञानिक तथा Master's degree गरि Industrial sector मा Research & Development मा १० वर्ष कार्यानुभव भएका वैज्ञानिकलाई अतिरिक्त वैज्ञानिकका रुपमा नियुक्ति दिन सकिनेछ।

६. **अतिरिक्त वैज्ञानिकको काम, कर्तव्य र अधिकार:** (१) अतिरिक्त वैज्ञानिकको कार्यविवरण प्रतिष्ठानले तोके बमोजिम हुनेछ। अतिरिक्त वैज्ञानिकले कार्यकारी निर्देशकले तोके बमोजिम अनुसन्धान सम्बन्धी कार्य गर्नुपर्नेछ।

(२) अतिरिक्त वैज्ञानिकले अर्ध वार्षिक रुपमा आफूले सम्पन्न गरेको कार्य विवरणको प्रतिवेदन निर्देशक समक्ष पेश गर्नुपर्नेछ।

(३) अतिरिक्त वैज्ञानिकले प्रतिष्ठानमा वर्षको एक पटक अथवा कम्तिमा १० घण्टा प्रतिष्ठानले तोकेको विषयमा अध्ययापन, प्रवचन तथा तालिम प्रदान गर्नुपर्नेछ।

(४) अतिरिक्त वैज्ञानिकले वैज्ञानिक अनुसन्धानका विषयमा प्रतिष्ठानले तोकेको अध्ययन संस्थान, अनुसन्धान संस्था तथा सरकारी निकायमा अध्ययापन, प्रवचन तथा तालिम प्रदान गर्न सक्नेछ।

(५) अतिरिक्त वैज्ञानिकले प्रतिष्ठानले तोकेको कम्तिमा दुई शोधकर्ता तथा अनुसन्धानकर्ताको शोध तथा अनुसन्धान सुपरिवेक्षण गर्नसक्नेछ।

८. **दरखास्त दस्तुर** : दरखास्त बुझाउदा कुनै दस्तुर लाग्ने छैन।

९. **सेवा सुविधा र खर्च सम्बन्धी व्यवस्था** : (१) अतिरिक्त वैज्ञानिकले प्रतिष्ठानको अनुसन्धान प्रयोजनका लागी प्रयोगशाला नियमपूर्वक प्रयोग गर्न सक्नेछ।

(२) अतिरिक्त वैज्ञानिक सीपको क्रममा अतिरिक्त वैज्ञानिकले आफ्नो सुरक्षा र सावधानी आफैं गर्नुपर्नेछ, कुनै दुर्घटना वा भवितव्य परेमा प्रतिष्ठान जिम्मेवार हुने छैन।

**१०. सम्झौता अवधि र सम्झौता रद्द हुने** : सम्झौता अवधि बढीमा २ वर्षको हुनेछ। सम्झौता रद्द गर्न चाहेमा दुवै पक्षले कम्तिमा १ महिना अगाडी लिखित सूचना दिनु पर्नेछ। तर विशेष परिस्थितिमा कार्यकारी निर्देशकले जुनसुकै बखत विना सूचना कुनै अतिरिक्त वैज्ञानिकको नियुक्ति रद्द गर्न सक्नेछ।

**११. विवाद निरुपण गर्ने** : यसमापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा त्यसको निरुपण प्रतिष्ठानबाट हुनेछ। मापदण्डमा भएका कुराको अन्तिम निर्णय तथा व्यख्या गर्ने अधिकार प्रतिष्ठानको हुनेछ।

**१२. बाधा अड्काउ फुकाउन सक्ने :** यस मापदण्डमा प्रतिष्ठानले आबश्यक परेमा बाधा अड्काउ फुकाउन सक्नेछ।

**१३. संशोधन :** यस मापदण्डमा प्रतिष्ठानले आबश्यक संसोधन गर्न सक्नेछ।

**१४.** यस मापदण्डमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।